एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint-Venture with punjab national bank, India)
Consistent, Strong & Dependable
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था)

**EBL/HO/SH/132/079-80**

**मिति: २०७९/०८/०६**

**श्री नेपाल स्टक एक्सचेञ्ज लि.,**
**सिंहदरबार प्लाजा, काठमाडौं ।**

**विषय : शेयर दाखिल खारेज बन्द (Book Close ) सम्बन्धमा**

महोदय,
यस बैंकको आर्थिक वर्ष २०७८/७९ को वार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि साधारण शेयरको **शेयरधनी दर्ता किताब मिति २०७९ साल मंसिर १३ गते बन्द रहने ब्यहोराको सूचना नागरिक दैनिकमा मिति २०७९/०८/०३ मा प्रकाशित भएको** ब्यहोरा अवगत गराउँदछौं ।

**मिती २०७४/०५/३० को नेपाल स्टक एक्सचेञ्ज लि. को परिपत्र बमोजिम देहाएका विवरणहरु निम्नअनुसार रहेको छ ।**

**नगद लाभांस प्रतिशत (कर प्रयोजन समेत) : ७.६८%** (सात दशमलव अर्सट्ठी प्रतिशत)
रु. ७२,७४,९०,३५३ (रु.वहत्तर करोड चौहत्तर लाख नब्बे हजार तीन सय त्रिपन्न मात्र)

**बोनस शेयर प्रतिशत: १३%** (तेह्र प्रतिशत)
रु.१,२३,०७,५४,२२७ (रु.एक अर्व तेईस करोड सात लाख चौवन्न हजार दुई सय सत्ताईस मात्र)

**शेयर दाखिल खारेज मिती (Book Close Date):** २०७९ साल मंसिर १३ गते

**हालको चुक्ता पुंजी:** रु. ९,४२,७३,४०,२०९

**वार्षिक साधारण सभाको मिति:** २०७९/०८/२६

भवदीय,

EVEREST BANK LTD. Head Office Kathmandu

(सुरेश चापागाई)
कम्पनी सचिव

बोधार्थ:
**१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।**

**२) श्री सिडिएस एण्ड क्लियरीङ्ग लि.,पुतलीसडक काठमाडौ ।**

**Corporate Office:** EBL House, Lazimpat, P. O. BOX: 13384, Kathmandu, Nepal
Tel: 01-4443377 (hunting), Fax: +977-1-4443160, E-mail: ebl@mos.com.np, Swift: EVBLNPKA
www.everestbankltd.com

CamScanner

# एभरेष्ट बैंक लिमिटेडको
# २८ औं बार्षिक साधारण-सभा सम्बन्धी
# सूचना

यस बैंकको मिति २०७९ साल मंसिर २ गते बसेको संचालक समितिको ३४६ औं बैंठकको निर्णय अनुसार २८ औं वार्षिक साधारण-सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति : २०७९ साल मंसिर २६ गते सोमबार तदनुसार १२ डिसेम्बर २०२२**
**स्थान : लैनचौर ब्यांक्वेट, लैनचौर, काठमाण्डौ**
**समय : बिहान ११:०० बजे**

## बैंकको २८ औं बार्षिक साधारण-सभाको छलफलको बिषयसूची

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७९ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,

३. मिति २०७९/०७/१८ मा बसेको सञ्चालक समितिको ३४५ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभाशं प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) **१३% का दरले बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव,**

(ख) ०.६८% नगद लाभाशं (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने,

**४. प्रबन्धपत्र संशोधन सम्बन्धि बिशेष प्रस्ताव पारित गर्ने,**

(क) बैंकको अधिकृत पूँजी रु. १००० करोडबाट बृद्धि गरी रु. १५०० करोड पुर्‍याउने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ख) बैंकले मिति २०६४/०३/२० मा २० लाख कित्ता ७% Convertible Preference Share जारी गरेकोमा विवरणपत्र बमोजिम बाँडफाँड गरेको मितिले ३-३ वर्षमा २० प्रतिशत शेयर साधारण शेयरमा परिणत गर्नुपर्ने शर्त बमोजिम मिति २०६७/०६/२७ मा प्रथम पटक, मिति २०७०/०६/३१ मा दोस्रो पटक, २०७३/०६/३० मा तेस्रो पटक, २०७६/०६/०९ मा चौथो पटक परिणत भई पुन: मिति २०७९/०६/१३ मा बाँकी ४ लाख कित्ता पाचौं तथा अन्तिम पटक साधारण शेयरमा परिणत भएपश्चात पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ग) बैंकले प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

५. आ.ब. २०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

६. विविध

संचालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

**शेयर दाखेल खारेज किताब बन्द रहने**

साधारण-सभा प्रयोजनको लागि मिति २०७९/०८/१३ गते एक दिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिने छ ।

**नोट:**

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DMAT Account) नम्बर, BOID Statement र आफ्नो परिचय खुल्ने (जस्तै: नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

२) नगद लाभांश सम्बन्धित शेयरधनी महानुभावहरुको बैंक खातामा जम्मा गर्ने प्रयोजनका लागि आफ्नो बैंक खाता हितग्राही (DMAT Account) नम्बर मा अद्यावधिक गरी दिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं।

३) साधारण सभाको हाजिरी पुस्तिका १०:०० बजे देखी खुल्ला रहने छ र अपरान्ह १२:०० बजे बन्द गरिने छ।

EVER
(A joint-V